# अपराध इ–बुलेटिन

वर्ष–३,अंक–१२
कार्तिक–पौष, २०७४(त्रैमासिक)

# वस्तुनिष्ठ अपराध अनुसन्धान, मानवअधिकारको सम्मान

प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
©सर्वाधिकार सुरक्षित

# यस इ-बुलेटिनमा

अपराध अनुसन्धान विभागिय गतिविधि ------------------२
नागरिक सम्बन्धि ---------------------------५
अनुसन्धानको प्राबिधिक तथ्यहरू------------------------६
प्रहरी सेवा ------------------------------------- ८
अनुसन्धान तथा विश्लेषण -------------------------- ९
अपराध समाचार ------------------------------ १०
सामुदायिक प्रहरी गतिविधि -----------------------१३
अपराध तथ्यांक --------------------------------- १४
जनचेतना मुलक सन्देश -------------------------१५

# अपराध अनुसन्धान विभागिय गतिविधि

फौजदारी कानुन कार्यान्वयन सम्बन्धी अन्तरक्रिया/छलफल कार्यक्रम सम्पन्न :

काठमाडौं, १४ पुस

मुलुकी अपराध (संहिता) ऐन, २०७४ र मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ का विविध पक्षहरुको जानकारी एवं कार्यान्वयनका चुनौतीका बारेमा प्रहरी प्रधान कार्यालयमा शुक्रबार छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। उक्त ऐन कार्यान्वयन हुने क्रममा रहेको अवस्थामा प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागले उक्त कार्यक्रमको आयोजना गरेको हो।

सो अवसरमा प्रहरी महानिरीक्षक प्रकाश अर्यालले कार्यक्रमको समापन गर्दै फौजदारी कानूनको समयानुकूल संशोधन एवं परिमार्जन गर्नुपर्ने आवश्यक्ता अनुरुप उक्त ऐन प्रमाणीकरण भइ कार्यान्वयन हुने क्रममा रहेको सन्दर्भमा आयोजित कार्यक्रमले प्रहरी कर्मचारीहरुको मनमा रहेका विभिन्न शंका, दुविधा र प्रश्नहरुले निकास पाउने बताउनुभयो।

अपराध अनुसन्धानकोक्रममा प्रहरीको स्वतन्त्र र हस्तक्षेपरहित भूमिका महत्वपूर्ण हुने चर्चा गर्दै प्रहरी महानिरीक्षक अर्यालले उक्त ऐनहरुले नेपालमा विद्यमान कानुन तथा ऐन नियमलाई एकीकृत गरी वैज्ञानिक, सरलीकृत एवं व्यवस्थित बनाउनुका साथै फौजदारी न्यायका मान्य सिद्धान्तहरुलाई आत्मसात गरी अपराधको कारण, पिडित र पिडकको अवस्था तथा भूमिका समेतलाई मध्यनजर गरी अपराध गर्ने व्यक्तिलाई जवाफदेही बनाउने उल्लेख गर्नुभयो।

अपराधको षडयन्त्र गर्ने, दुरुत्साहन गर्ने जस्ता परम्परागत अपराधका रुपमा परिभाषित नभएका कार्यलाई फौजदारी कसुरका रुपमा परिभाषित गरी सजायको व्यवस्था समेत गरेकोले उक्त ऐनले अपराधको दायरालाई फराकिलो बनाएको उहाँले बताउनुभयो।

प्रहरी संगठनमा अपराध अनुसन्धान र व्यावसायिकितालाई आफ्नो पूँजी बनाएका प्रहरी कर्मचारीहरु अहोरात्र काम गरिरहेको उल्लेख गर्दै नयाँ ऐन आइसकेको अवस्थामा तोकिएको मितिबाट यसको कार्यान्वयन गर्न प्रहरी कर्मचारीहरु तयार हुनुपर्ने उहाँले बताउनुभयो।

उक्त कार्यक्रममा २०७५ भदौ १ गते देखि लागू हुने उक्त दुबै ऐन कार्यान्वयन सम्बन्धमा छलफल तथा प्रस्तुतिकरण




गरिएको थियो । कार्यक्रमको पहिलो सत्रमा नेपाल कानुन आयोगका उपाध्यक्ष भेषराज शर्माले 'मुलुकी अपराध (संहिता) ऐन, २०७४ को व्यवस्था, आवश्यकता र यसको विशेषता'को विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो भने नेपाल कानुन आयोगका अध्यक्ष माधव पौडेलले सोही विषयमा संक्षेपीकरण गर्नुभएको थियो ।

यसैगरी कार्यक्रमको दोस्रो सत्रमा नेपाल कानुन आयोगका अध्यक्ष माधव पौडेलले 'मुलुकी अपराध (संहिता) ऐन, २०७४ को प्रावधान, नयाँ कसुर र कार्यान्व्यनका चुनौतिहरु'को विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो भने राष्ट्रिय न्यायिक प्रतिष्ठानका कार्यकारी निर्देशक केशरीराज पण्डितले सोही विषयमा संक्षेपीकरण गर्नुभएको थियो ।

साथै कार्यक्रमको तेस्रो सत्रमा नायव महान्यायधिवक्ता किरण पौडेलले 'मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ मा समावेश भएका प्रहरीसँग सम्बन्धित नयाँ विषय र कार्यान्वयनका चुनौतीहरु'को बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो भने पूर्व नायव महान्याधिवक्ता नरेन्द्र पाठकले सोही विषयमा संक्षेपीकरण गर्नुभएको थियो ।

प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक बमबहादुर भण्डारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको सो कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायब महानिरीक्षककहरु, प्रहरी बरिष्ठ उपरीक्षकहरु लगायत सिनियर प्रहरी अधिकृतहरुको सहभागिता रहेको थियो ।



फौजदारी कानुन कार्यान्वयन सम्बन्धी अन्तरक्रिया/छलफल कार्यक्रम




साईवर क्राईम तथा सुरक्षा सम्बन्धि छलफल (२०७४ मंसिर २९ गते)

# नागरिक सम्बन्धि

## खोजतलास एवं समन्वय

देश भरी हराएका मानिसहरुको कार्तिक १ गते देखि पौष मसान्त सम्मको विवरण –

| विवरण | पुरुष | महिला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|
| हराएका | २७६ | ९६९ | १७० | २२५ | १६४० |
| फेला परेका | ६२ | १५० | ५२ | ६३ | ३७२ |

पहिचान हुन नसकेका लाशहरुको विवरण –

| पुरुष | महिला | बालक | बालिका | मानव कंकाल | जम्मा |
|---|---|---|---|---|---|
| ३९ | ५ | २ | – | ३ | ४९ |

## बैदेशिक नागरिक

| सि.नं. | बिबरण | कार्तिक | मंसिर | पौष | जम्मा |
|---|---|---|---|---|---|
| १ | बिदेशी नागरिकको मृत्यु | २ | १ | २ | ५ |
| २ | बिदेशी नागरिकको पक्राउ | १२ | ३ | ४ | १९ |
| ३ | हराएका बिदेशी नागरिकहरु (खोजतलास भइरहेको ) | – | – | – | – |
| ४ | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका नागरिकहरुको विबरण | २१,२१९ | ५,०६६ | ३७३८ | ३०,०२३ |
| ५ | बिदेशी नागरिकको यस कार्यलयमा रहेको अपराधिक अभिलेख जाचं गरि पठाईएको बिबरण | ३ | ६ | ६ | १५ |

# अनुसन्धानको प्राबिधिक तथ्यहरु

## पोलिग्राफ

प्रहरी प्रधान कार्यालय पोलिग्राफ शाखाले २०७४ साल कार्तिक १ गते देखि पौष मसान्त सम्म ६ महिला र ९८ पुरुषको पोलिग्राफ परिक्षण गरेको छ । जसमध्ये झुठ बोलेको संकेत ५५, झुठ नबोलेको संकेत ३५ , राय दिन नसक्ने अवस्था ९, अनुसन्धानमा सघाउ संख्या ५३ र स्विकार गरेको २ वटा घटना छन् ।

## Call detail record

मिति २०७४ कार्तिक १ गते देखि पौष मसान्त सम्मको यस शाखाले गरेको Call Detail Record यसप्रकार छ :

अपराध अनुसन्धानको सिलसिलामा उपत्यका बाहेकका ७२ वटा जिल्ला स्थित प्रहरी कार्यालयहरु बाट माग भई आएका Operational Data हरु दूरसंचार सेवाप्रदायक संस्थाहरु संग Co–ordination गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धीत कार्यालयहरुलाई उपलब्ध गराईएको ।

| | |
|---|---|
| कार्तिक | ४१५३ |
| मंसिर | ४२८१ |
| पौष | ४६६९ |

# Digital Forensic lab बाट परिक्षण गरिएको सबुदहरुको तथ्याङक

मिति २०७४ कार्तिक १ गते देखि पौष मसान्त सम्मको निम्न मुद्दाशिर्षक अनुसारको मुद्दा अनुसन्धानमा प्राप्त भएको सबुदहरुको परिक्षण गरी परिक्षण रिपोर्ट तथा सबुदहरु सम्बन्धित कार्यालयमा पठाई सकिएको ।

| सि.नं. | मुद्दा शिर्षक | संख्या |
|---|---|---|
| १ | चोरी | १ |
| २ | जवरजस्ती करणी | २ |
| ३ | विधुतिय कसुर | १० |
| ४ | कर्तब्य ज्यान | ५ |
| ५ | मानव वेचविखन तथा ओसारपसार | ४ |
| ६ | ठगी | ५ |
| ७ | संगठीत अपराध | २ |
| ८ | सरकारी छाप दस्तखतकिर्ते | २ |
| ९ | नखुलेको | १ |
| १० | बन्यजन्तु खरिद बिक्री | १ |
| ११ | भ्रुण्डि मृत्यु | ३ |
| १२ | ज्यान मार्नेउधोग | १ |
| | जम्मा | ३७ |

मिति २०७४ कार्तिक १ गते देखि पौष मसान्त सम्मको यस ल्यावमा परिक्षण गरिएका सबुदहरुको बिबरण यस प्रकार छन ।

| सि.नं. | सबुद | संख्या | कैफियत |
|---|---|---|---|
| 1 | sim card | ९६ | |
| 2 | memory card | २१ | |
| 3 | laptop | ३ | Hard Drive |
| 4 | CPU | २ | Hard Drive |
| 5 | mobile | ९८ | |
| 6 | pendrive | ३ | |
| 9 | Hard disk | ३ | |
| 10 | magnet | ४ | |
| 11 | DVR | १ | |
| 12 | Sps card | १ | |
| 13 | total | २३२ | |

# प्रहरी सेवा

## फैसला कार्यान्वयन अवस्था

फैसला कार्यान्वयन सम्बन्धि पाक्षीक बिवरण सङ्कलन गरी बिश्लेषण गर्ने काय´ भईरहेको छ जस अनुसार कार्तिक १ गते देखि पौष मसान्त सम्मको विशेष अभियान लागु भएका र नभएका जिल्लाहरूको फैसला कार्यान्वयन सम्बन्धि प्रगति बिवरण निम्न अनुसार रहेको छ ।

| | पक्राउ संख्या | जरिवाना | कैद |
|---|---|---|---|
| बिशेष अभियान लागु भएका २४ जिल्ला | २७६ जना | रु.१,१०,५७,२८८।– | ३२९ वर्ष ७ महिना १२ दिन |
| बिशेष अभियान लागु नभएका ५१ जिल्ला | ३८ जना | रु.५,८०,२८९।– | ५५ वर्ष ७ महिना २५ दिन |
| केन्दिय अनुसन्धान व्युरो | १२ जना | रु.२,५९,०३,५५८।– | ७१ वर्ष १० दिन |
| जम्मा | ३२६ जना | रु. ४,११,४१,१३५।– | ४५६ वर्ष ३महिना १७दिन |

## चारित्रिक प्रमाणपत्र बितरण सम्बन्धी


| सि.नं. | सम्पादन भएका प्रमुख कार्यहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| १ | प्रहरी चारित्रिक प्रमाणपत्र नेपालमा रहेका व्यक्तिहरुको दर्ता संख्या :–४८, ८६५ | प्रमाण–पत्र बितरण संख्या :–४८,८६५ |
| २ | बिदेशमा रहेका व्यक्तिहरुको दर्ता संख्या :– २९२३ | बितरण संख्या :–२९२३ |
| ३ | राजदुतावासको दर्ता संख्या :–१० | बितरण संख्या :–१० |
| ४ | बिदेशी नागरिकको दर्ता संख्या :–२०० | बितरण संख्या :–२०० |
| ५ | बिभिन्न संघ संस्था तथा गृह मन्त्रालयको दर्ता :– १६९० | बितरण संख्या :– १६९० |
| ६ | प्रदेश–७ वाट दर्ता संख्या :– १७४६ | वितरण संख्या :– १७४६ |
| | जम्मा दर्ता संख्या :– ५५४३४ | बितरण संख्या :– ५५४३४ |

| सि.नं. | Description | कार्तिक | मंसिर | पौष |
|---|---|---|---|---|
| 1 | New Data Entry | २१०२ | १५०९ | २४९९ |
| 2 | 10 No Diary Data Entry | १५०२ | २४९ | १६२९ |
| 3 | Judicial Report Entry | २६७० | ४३० | २७७५ |
| 4 | Police Report Check-PRC | १९९१८ | १३५३८ | १६९१८ |
| 5 | Others -PRC | १११४ | ७१० | ११९३ |
| 6 | Suspect | २४८ | १७८ | २३१ |
| | Total | २७५५४ | १६६१४ | २५२४५ |

# अनुसन्धान तथा विश्लेषण

DIRS जाहेरी अनुसार कार्तिक, मंसिर र पौष महिनामा देशभर भएका अपराधिक घटनाहरुको जाहेरी तथ्यांङ्क

| घटना शिर्षक | स.दु | आगलागी | झुण्डी मृत्यु | बिषसेवन | भवितव्य ज्यान | कुटपीट | फुटकर ज्यान | चोरी/लुटपाट | लागुऔषध | पहिचान नभएका लास | बगाई/डुबी मृत्यु | आगजनी/तोडफोड | हाहा बरामद | धारिलो हतियार प्रयोग | कर्तव्य ज्यान | करेन्टलागि मृत्यु | जुवाताश | गोली प्रहार | बम बिस्फोट | अपहरण | जबर्जस्ती करणी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्तिक | ११२६ | १३६ | १६३ | १८२ | १५१ | १२१ | ११५ | ६३ | ५९ | ६१ | ६३ | २३ | ३३ | २४ | १७ | २८ | ४२ | ४ | ७ | ३ | १२ | ५९४ | ३०२७ |
| मंसिर | ८८० | १४५ | १२५ | १४९ | ११६ | ११६ | ९३ | ४७ | ६० | ३५ | २३ | २६ | ४० | २९ | १० | २१ | २ | ३ | १२६ | ३ | ११ | ८९४ | २९५४ |
| पौष | १०६१ | २३३ | १४१ | १६५ | १२६ | १३१ | ११२ | ७० | ६६ | ५२ | १८ | ११ | ९ | २३ | १२ | २१ | १२ | ३ | १ | ० | ९ | ७२४ | ३००० |




– अन्य (बन्द, हडताल, जोरजुलुम, बाटो अबरोध, कोण सभा, आम सभा, बिरोध, अबैध सामान, पक्राउ नियन्त्रण आदि)

# अपराध समाचार

## नाइजेरियाबाट आयातित वन्यजन्तु तथा पंक्षीहरु सहित पक्राउ :

काठमाडौं, १ कात्तिक

काठमाडौं महानगरपालिका-३ बाँसबारी सल्लाघारीस्थित संजीव भारीको घरमा नाइजेरियाबाट नेपालमा पैठारी गरिएका जिवित चराचुरुङ्गीको साथमा अबैध रुपमा लुकाई छिपाई ल्याइएको संरक्षित जिवित चिम्पाञ्जी र बाँदर प्रजातिहरु ओसार पसार तथा खरिद बिक्री गर्ने कार्यमा संलग्न ६ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरु काठमाडौं महानगरपालिका-३ बाँसबारी सल्लाघारी बस्ने ४० वर्षीय घरधनी संजीव भारी, काठमाडौं स्यम्भू बस्ने भारत बिहार पटनाका ३४ वर्षीय मोहम्मद उष्मान, भारतकै सोही ठाउँका ५४ वर्षीय मोहम्मद फईम, भारत उत्तरप्रदेश लखनउका ३५ वर्षीय चांदबाबू मोहम्मद शरीफ सहीद, काठमाडौं बुढानिलकण्ठ-१० कपन बस्ने बाराको डुमरवानाका भन्सार एजेन्ट ४२ वर्षीय राजकुमार तिवारी र पाकिस्तान कराँचीका ५५ वर्षीय जावेद अस्लाम खान रहेका छन् । नाइजेरियाबाट विभिन्न प्रजातिका संरक्षित पशुपंक्षीहरु पैठारी गरी नेपालबाट भारतमा समेत खरिद बिक्री तथा ओसरपसार गर्ने गरेको भन्ने विशेष सूचनाको आधारमा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरी आवश्यक कानूनी कारवाहीको लागि जिल्ला वन कार्यालय, हात्तीसार काठमाडौंमा बुझाएको हो ।

साथै जिवितै उद्दार गरिएका पशुपंक्षीहरु मंगलबार नै संरक्षणका लागि श्री सदर चिडियाखाना, जावलाखेल ललितपुरमा बुझाइएको सो ब्यूरोले जनाएको छ । जिवितै उद्दार गरिएका पशुपंक्षीहरुमा चिम्पाञ्जी २, बाँदर प्रजाति ८, गोल्डेन फेजन चरा ७, रिङनेट फेजन चरा २, परेवा ३८ र सुगा ६५ ओटा रहेका छन् ।

## नेपाली बैंकका एटिएम कार्डहरुको डाटा चोरी गर्ने बुल्गेरियन नागरिक पक्राउ :

काठमाडौं, २७ कात्तिक

एटीएमबाट अनाधिकृत रुपमा रकम निकाल्ने कार्यमा संलग्न राहदानी नम्बर ३८३१७३२०० बाहक बुल्गेरियन नागरिक भिटालीय भासिलीभिच नेकिटलाई काठमाडौं महानगरपालिका-२६ ठमेल नरसिंहचोकस्थित होटल डिस्कभरीको कोठा नम्बर ३०४ बाट कात्तिक २४ गते प्रहरीले पक्राउ गरेको छ ।

निजलाई विभिन्न कार्ड १८ थान, ग्लोबल आइएमई बैंक, सानिमा बैंक तथा नबिल बैंकको एटीएम मेसिनबाट रकम निकालेको स्लिप ३ थान, बिद्युतीय उपकरणहरु खोल्न प्रयोग हुने विभिन्न प्रकारका औजारहरू ५ थान लगायतका सामाग्रीहरु सहित प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरोको प्रहरीले पक्राउ गरेको हो ।

अपरिचित पुरुषले विभिन्न बैंकका एटीएमबाट अनधिकृत रुपमा रकम निकाल्न प्रयास गरिरहेको तथा नेपाल इन्भेष्टमेन्ट बैंकको ठमेलस्थित एटीएम मेसिनमा स्किमर मेसिन जडान गरेको भन्ने सूचना प्राप्त भएपछि उक्त ब्यूरोबाट खटिएको प्रहरीले काठमाडौंका एटीएममा गोप्य निगरानी तथा अनुसन्धान गर्दै जाँदा एटिएम कार्डको डाटा चोरी विदेश लैजाने तथा अनधिकृत रुपमा रकम निकाल्ने कार्यमा निजको संलग्नता रहेको खुल्न आएको छ । साथै हालसम्म उक्त ब्यूरोले विदेशी विरुद्ध गरिएको कारवाहीमा ४ रोमानियन, ४ टर्कीस, ४ बुल्गेरियन, ४ मोल्दोभियन र २ भारतीय गरी जम्मा १८ जना विदेशी

नागरिकहरु पक्राउ गरेको र उनीहरुबाट नेपाली ८८ लाख ६८ हजार ८ सय ५० रुपैयाँ, अमेरिकी डलर ७३ हजार ५ सय ८०, युरो ६४ हजार १ सय ७५ र विभिन्न एटीएम कार्ड १ हजार ३ सय २६ थान बरामद गरेको छ।

## विस्फोटक पदार्थ, हातहतियार तथा विभिन्न दस्तावेज सहित पक्राउ :

काठमाडौं, २१ मंसिर

विस्फोटक पदार्थ, हातहतियार तथा विभिन्न दस्तावेज सहित नेकपा माओवादी (विप्लव) का ६ जना नेता तथा कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको छ । प्रतिनिधिसभा तथा प्रदेससभा सदस्य निर्वाचन बिथोल्न काठमाडौं उपत्यकाको विभिन्न मतदान केन्द्र, महत्वपूर्ण स्थानहरु र उम्मेदवारलाई लक्षित गरी बम विस्फोटन गराउने योजना तथा कार्यमा संलग्न उनीहरुलाई काठमाडौं उपत्यकाका विभिन्न स्थानहरुबाट पेस्तोल १ थान, सो को गोली ८ राउण्ड, विभिन्न विस्फोटक पदार्थ र उक्त पार्टीको विभिन्न दस्तावेज सहित प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा काठमाडौं लाजिम्पाट बस्ने सर्लाहीको ईश्वरपुर-१२ बाँके लामीदमारका २४ वर्षीय रवि गोले, काठमाडौं बौद्ध टुसाल बस्ने सिन्धुलीको क्याने श्वर-९ मोक्तनडाँडाका ३४ वर्षीय सम्पूर्ण मुक्ति भन्ने विचारमान तामाङ, ललितपुर बाडेगाउँ बस्ने मकवानपुर को हेटौंडा-१७ का ३० वर्षीय आरोह नेपाली भन्ने महेश नेपाली, काठमाडौं पुरानो बानेश्वर बस्ने काभ्रेको मादनकुँडारी गाउँपालिका-७ चौरीदेउरालीका ४८ वर्षीय बिगेश लामा, ललितपुर बाडेगाउँ बस्ने नुवाकोटको लिखु नगरपालिका थानापतीका ३२ वर्षीय राजिव तामाङ र ललितपुर बाडेगाउँ बस्ने दोलखाको तामाकोशी गाउँपालिका-५ का ३० वर्षीय रोशन बिष्ट रहेका छन् ।

पक्राउ अभियुक्तहरुमध्ये काठमाडौं जिल्लाको डिसिएम, युवा दस्ता (राष्ट्रिय युवा जनस्वयमसेवक) जिल्ला संयोजक तथा काठमाडौं १ नम्बर कमाण्डको युवा दस्ता इन्चार्ज रवि हातहतियार तथा विस्फोटक पदार्थ संकलन, भण्डारण तथा विभिन्न स्थानहरुमा विस्फोटन गराउने तथा विस्फोटनको योजना बनाउने कार्यमा संलग्न रहेको खुल्न आएको छ। यसैगरी काठमाडौं जिल्लाको डिसिएम विचारमान हातहतियार तथा विस्फोटक पदार्थ संकलन भण्डारण तथा विभिन्न स्थानहरुमा विस्फोटन गराउने तथा विस्फोटनको योजना बनाउने कार्यमा संलग्न, ललितपुर जिल्लाको एसिएम तथा अखिल नेपाल जनसांस्कृतिक महासंघको कोषाध्यक्ष महेश विस्फोटन गराउने कार्यमा संलग्न, काठमाडौं जिल्लाको डिसिएम, न्याय विभाग प्रमुख बिगेश विस्फोटक पदार्थ भण्डार तथा निर्वाचन बिथोल्न युवा दस्ता परिचालन गर्ने र विस्फोटन गराउने कार्यमा संलग्न, नुवाकोट जिल्लाको डिसिएम राजिव विस्फोटक पदार्थ बनाउने प्रशिक्षण प्राप्त गरी उपत्यकामा विस्फोटन गराउने कार्यमा संलग्न र साधारण सदस्य रोशन विस्फोट गराउने कार्यमा संलग्न भएको खुल्न आएको छ ।

## भारतको बिहारबाट नेपाल प्रवेश गरी चोरी गर्ने चल्ला भनिने समूह पक्राउ :

काठमाडौं, २ पुस

उपत्यकामा कवाडका सामानहरु संकलन गर्ने बहाना बनाई घरमा कोही नभएको मौकामा घरका ढोका तथा झ्याल फोडेर नगद, सुनचाँदीका गरगहना, बिभिन्न मोवाईल र अन्य ईलोक्ट्रोनिक्स सामानहरु चोरी गर्ने कार्यमा संलग्न चल्ला भन्ने समूहका ७ जनालाई चोरीका सामान सहित महानगरीय अपराध महाशाखाको प्रहरीले गत मंसिर २९ गते पक्राउ गरेको छ। उनीहरुबाट बिभिन्न ब्राण्डका मोवाईल ४ थान, बिभिन्न कम्पनीका घडी ३ थान र चोरी कार्य गर्दा प्रयोग गर्ने फलामको रड १ थान बरामद भएको छ ।

पक्राउ पर्नेहरुमा कवाडीका सामान संकलन गरी काठमाडौं महागरपालिका-९ तिलगंगा बस्नेहरु भारत बिहार समस्तीपुरका २६ वर्षीय दिनेश पोदार,

समस्तीपुरकै १८ वर्षीय केतुल पोदार, समस्तीपुरकै १९ वर्षीय चन्तन पोदार, भारत मोतिहारी मजंफपुरका १८ वर्षीय मुकेशकुमार पोदार, भारत बिहार हाजिपुर का १८ वर्षीय सुरज पोदार, हाजीपुरकै १८ वर्षीय बिकास पोदार र पशुपतिमा दाउराको काम गर्ने बाराको निजगढ नगरपालिका-९ का ३१ वर्षीय राजकुमार अधिकारी रहेका छन् । अभियुक्तहरुमध्ये मुकेशकुमार २०७३ बैशाख ८ गते चोरी मुद्धामा ९३ हजार रुपैयाँ धरौटीमा तथा निज राजकुमार ३ वर्षअघि केही सार्वजनिक मुद्धामा ३ हजार रुपैयाँ धरौटीमा जेलबाट छुटेका व्यक्तिहरु भएको खुल्न आएको छ ।

भारतमा चोरी गर्ने समूह बनाई नेपाल आउने र गौशाला, तिलगंगा, बानेश्वर, सिनामंगलका सुकुम्बासी बस्तीमा लुकीछिपी बस्ने, कवाडी टिप्ने बहानामा चोरी गर्ने घरको जानकारी लिने, घरमा कोही नभएको मौका पारी ढोका फोडेर प्रवेश गर्ने, कवाड टिप्ने बोरामा फलामको रड लिई जाने, बाहिर एकजनाले निगरानी गर्ने तथा अन्यले घरभित्र चोरी गर्ने, तत्काल भारततर्फ फरार हुने, चोरीको पैसाबाट जाँडरक्सी खाने तथा भारतमा जग्गा जमिन किनेर घर बनाउने, चोरीका सामानहरु भारतीय बजारमा बिक्री समेत गर्ने गरेको र उनीहरू १०/१२ बर्षकै उमेरदेखि चोरी कार्यमा संलग्न रहँदै आएको प्रारम्भिक अनुसन्धानको क्रममा खुलेको सो महाशाखाले जनाएको छ ।

## अबैध लागूऔषध सहित पक्राउ :

मोरङ, १२ मंसिर

बुढीगंगा गाउँपालिका-४ स्थित राहुल पेट्रोल पम्प अगाडि बिराटनगरबाट ईटहरीतर्फ जाँदै गरेको मे.८ प ९३७२ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार २ जना र पैदलयात्री १ जना गरी ३ जनालाई अबैध लागूऔषध सहित प्रहरीले पक्राउ गरेको छ । मोटरसाइकलका चालक झापाको दमक नगरपालिका-१ बस्ने २७ वर्षीय आशिस पाठक र मोटरसाइकलमा सवार सुनसरीको ईटहरी उपमहानगरपालिका-१८ बस्ने २१ वर्षीया संगिता मल्लिकको साथमा लुकाइछिपाई राखेको एभील ४० एम्पुल, डाइजेल्याप ४० एम्पुल, लुपिजेसिक ४० एम्पुल, फेनारगन ४८ एम्पुल तथा पैदलयात्री मोरङको सुन्दरहरैंचा नगरपालिका-४ बस्ने २२ वर्षीय सुमन बिकको साथबाट डाइजेल्याप ४ एम्पुल, लुपिजेसिक ४ एम्पुल, एभिल ४ एम्पुल र फनारगन ४ एम्पुल फेला परेपछि उक्त मोटरसाइकल र लागूऔषध सहित उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो ।

## रिमोट कन्ट्रोल र कुकरबम सहित पक्राउ :

सप्तरी, १२ मंसिर

विष्णुपुर गाउँपालिका-६ स्थित माहाबीर चोकबाट रिमोट कन्ट्रोल र कुकर बम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा छिन्नमस्ता गाउँपालिका-१ बस्ने ४० वर्षीय तेजनारायण यादब र विष्णुपुर गाउँपालिका-६ स्थित चिया नास्ता पसल गरी बस्ने संजयकुमार राय रहेका छन् ।

विष्णुपुर गाउँपालिका-६ स्थित माहाबीर चोकबाट रिमोट कन्ट्रोल सहित यादव पक्राउ परेपछि निजले रायको पसलमा रिमोटबाट पड्कने कुकर बम लुकाई छिपाई राखेको बताएपछि रायलाई नियन्त्रणमा लिँदा उक्त कुकर बम धानबारीमा गाडेर राखेको खुल्न आएपछि खनेर हेर्दा रिमोटबाट पड्कने यन्त्रहरु जडित कुकरबम प्रहरीले फेला पारेको हो ।

## भारततर्फ लैजान लागेका बालकहरु सहित नियन्त्रणमा

जुम्ला, २६ पुस

जुम्लाबाट नेपालगंजतर्फ जाँदै गरेको ना.५ ख ४५२९ नम्बरको यात्रुवाहक बसमा ८ देखि १५ बर्ष उमेर समूहका २० जना बालकलाई भारततर्फ लैजान लागेको अवस्थामा राठी गाउँपालिका-३ छुमचौर बस्ने ३२ बर्षीय कर्म तामाङ र २९ बर्षीय छिरिङ तामाङलाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी चौकी कुडारीको प्रहरीले उक्त बसमा जाँच गर्ने क्रममा ती बालकहरुलाई भारततर्फ लैजान लागेको अवस्थामा फेला पारी दुवैजनालाई नियन्त्रणमा लिएको हो ।

# सामुदायिक प्रहरी गतिविधि

सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका सामुदायिक प्रहरी केन्द्रहरूले संचालन गरेका सामुदायिक गतिविधिहरू

| सि.नं. | क्रियाकलाप | कार्तिक | मंसिर | पौष |
|---|---|---|---|---|
| १ | अपराधरोकथाम तथा नियन्त्रण सम्बन्धी क्रियाकलाप | ३०७ | १५१ | ३०८ |
| २ | जनचेतना मुलक क्रियाकलाप | २१२ | ८३ | २०६ |
| ३ | सामाजिक क्रियाकलाप | १०४ | ४१ | ८२ |
| ४ | जनस्वास्थ्य तथा वातावरण सम्बन्धी | ८७ | २३ | ७१ |
| ५ | लागुऔषध विरुद्धको चेतनामूलक कार्यक्रम स्थानमा संचालन गरिएको | ४२ | ० | १ |
| ६ | लैंगिक तथा घरेलु हिंसा विरद्दको चेतनामूलक कार्यक्रम स्थानमा संचालन गरिएका | १८ | ० | २ |
| ७ | विविध | ८१ | ३६ | ८९ |
| ८ | कुल जम्मा | ८५१ | ३३४ | ७५९ |

## प्रहरी मेरो साथी

सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका सामुदायिक प्रहरी सेवा केन्द्रहरूले संचालन गरेका प्रहरी मेरो साथी कार्यक्रमहरू

| सि.नं. | कार्यालय | कार्तिक | मंसिर | पौष |
|---|---|---|---|---|
| १ | महानगरीय प्रहरी कार्यालय रानीपोखरी | ३२ | ६ | ४३ |
| २ | प्रदेश नं.१ | ३० | ४ | १८ |
| ३ | प्रदेश नं.२ | १३ | ० | ३ |
| ४ | प्रदेश नं.३ | २ | ० | २ |
| ५ | प्रदेश नं.४ | ४० | ४ | ३१ |
| ६ | प्रदेश नं.५ | ७ | २ | १२ |
| ७ | प्रदेश नं.६ | २० | ९ | २३ |
| ८ | प्रदेश नं.७ | ३५ | १० | २६ |
| | कुल जम्मा | १७९ | ३५ | १५८ |

# अपराध तथ्यांक

## २०७४–२०७५ कार्तिक महिनाको

| प्रकृति | व्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | ० | ७६ | ९० | ७४ | ६९ | ३२ | ९३ | १६ | २३ | ४७३ |
| आत्महत्या सम्बन्धी | ० | ४६ | ८० | ४३ | ६२ | ४३ | ८० | २३ | ४२ | ४१९ |
| चोरी सम्बन्धी | ० | ४७ | १९ | २१ | ३ | ६ | २९ | ० | ४ | १२९ |
| संगठीत तथा आर्थिक अपराध सम्बन्धी | १ | ६५ | ६० | ५४ | ३२ | ३६ | ६७ | ३ | १० | ३२८ |
| सामजिक अपराध | १ | ३१० | २०५ | १३९ | १०९ | १२९ | ९५ | १३ | २७ | १०२८ |
| महिला तथा वालवालिका सम्बन्धी | ४ | २२ | ४० | २८ | २३ | १५ | २९ | ६ | १० | १७७ |
| सवारी सम्बन्धी | ० | २० | ४५ | ३६ | ३६ | १९ | ४९ | १० | १५ | २३० |
| विविध | ४ | १९ | ६ | १ | ५ | १ | ६ | ४ | ३ | ४९ |
| कुल जम्मा | १० | ६०५ | ५४५ | ३९६ | ३३९ | २८१ | ४४८ | ७५ | १३४ | २८३३ |

## २०७४–२०७५ मंसिर महिनाको

| प्रकृति | व्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | ० | ६७ | ७२ | ६१ | ६२ | ३१ | ८५ | १७ | १६ | ४११ |
| आत्महत्या सम्बन्धी | ० | ३५ | ९३ | ३३ | ४६ | २८ | ९७ | १४ | २१ | ३६७ |
| चोरी सम्बन्धी | ० | १८ | १९ | १५ | १ | ३ | २४ | २ | ४ | ८६ |
| संगठीत तथा आर्थिक अपराध सम्बन्धी | ० | ५० | ६० | ५४ | १९ | २१ | ५८ | ९ | ६ | २७७ |
| सामजिक अपराध | १ | २७५ | २३४ | १२४ | १२० | ११४ | १२४ | ३३ | ४६ | १०७१ |
| महिला तथा वालवालिका सम्बन्धी | ० | १९ | ३० | १६ | १७ | १३ | २४ | ९ | ८ | १३६ |
| सवारी सम्बन्धी | ० | १४ | ३१ | २८ | २७ | २० | ३१ | ७ | ५ | १६३ |
| विविध | ४ | २१ | १३ | ९ | १२ | ४ | ९ | ५ | ३ | ८० |
| कुल जम्मा | ५ | ४९९ | ५५२ | ३४० | ३०४ | २३४ | ४५२ | ९६ | १०९ | २५९१ |

## २०७४–२०७५ पौष महिनाको

| प्रकृति | व्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | ० | ५९ | ६० | ४४ | ७७ | ४८ | ७९ | २२ | २५ | ४१४ |
| आत्महत्या सम्बन्धी | ० | ३६ | ७७ | ३४ | ६१ | ३६ | ६२ | १३ | २९ | ३४८ |
| चोरी सम्बन्धी | ० | ३१ | १९ | २९ | ६ | ९ | २१ | ४ | ७ | १२६ |
| संगठीत तथा आर्थिक अपराध सम्बन्धी | १७ | ६१ | ५८ | ३९ | २५ | ४२ | ६२ | २ | १४ | ३२० |
| सामजिक अपराध | ० | ३०७ | २०२ | १०८ | ११५ | ११० | ८७ | २० | ३० | ९७९ |
| महिला तथा वालवालिका सम्बन्धी | ९ | १७ | ५१ | २१ | २० | १९ | ३२ | १० | १४ | १९३ |
| सवारी सम्बन्धी | ० | २४ | ४० | ४० | ३२ | २१ | ३४ | ७ | १२ | २१० |
| विविध | ४ | ३३ | २ | ३ | ३ | ० | १ | ० | ३ | ४९ |
| कुल जम्मा | ३० | ५६८ | ५०९ | ३१८ | ३३९ | २८५ | ३७८ | ७८ | १३४ | २६३९ |

# जनचेतना मूलक सन्देश

शंकास्पद चिजवस्तु देखिए नचलाऔं, तत्काल प्रहरीलाई खवर गरौं ।


प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
नक्साल, काठमाडौं
फोन: ९७७१४४१२७४८
फ्याक्स: ९७७१४४१२६२
ई-मेल: cicu@nepalpolice.gov.np,
cicucid@gmail.com
वेभसाईट: www.cid.nepalpolice.gov.np